# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।११।०७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

सुनसरी जिल्ला मालपोत कार्यालय इनरुवामा जग्गा किनबेच गर्दा लाग्ने राजस्वभन्दा ४५ लाख कम लिई लेखापढी व्यवसायीसमेतको मिलेमतोमा राजस्व छली गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला सुनसरी धरान उ.म.न.पा. वडा नं. ४ बस्ने कुन्तादेवी श्रेष्ठको नाममा दर्ता कायम साविक एकम्बा गा.वि.स. वडा नं. ९ 'ग' हाल इटहरी उपमहानगरपालिकामा रहेको कि.नं. ६८, ७० र ४३१ क्षेत्रफल ज.वि. ५-१४-० जग्गाहरू पद्मा कोलोनी प्रा.लि.ले खरिद गरी मालपोत कार्यालय, सुनसरीमा पारित मिति २०७३/०३/२९ को रजिष्ट्रेशन नं. ९५९५ 'क' को लिखतमा वास्तविक भन्दा कम हुने गरेर बाटोले छोएको जग्गाको क्षेत्रफल उल्लेख गरी सर्वेक्षक अमरकुमार झाले बदनियतपूर्वक वास्तविकता लुकाई छिपाई गलत प्रतिवेदन दिएको कारणबाट वास्तविक लाग्ने राजस्व भन्दा रु.२,९२,५००।- कम राजस्व निर्धारण हुन गई राज्यलाई हानि नोक्सानी पुऱ्याइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी अमरकुमार झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) एवं सोही ऐनको दफा ७ र दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै आफूहरूले लाभ लिने मनसायले नै जग्गाधनी कुन्तादेवी श्रेष्ठ र जग्गा खरिदकर्ता पद्मा कोलोनी प्रा.लि.का अध्यक्ष राजुप्रसाद कंडेलले नापी सर्वेक्षक अमरकुमार झासँग मिलेमतो गरी बदनियतपूर्वक वास्तविकभन्दा कम हुने गरेर बाटोले छोएको जग्गाको क्षेत्रफलको वास्तविकता लुकाउन छिपाउन लगाई वास्तविक लाग्ने राजस्वभन्दा रु.२,९२,५००।- कम राजस्व तिरी वुझाई जग्गा खरिदकर्ताले रजिष्ट्रेशन दस्तुरबापतको राजस्व रु.१,८०,०००।- र विक्री कर्ता कुन्तादेवी श्रेष्ठले पुँजीगत लाभकरबापतको राजस्व रु.१,१२,५००।- कम तिरी वुझाई रजिष्ट्रेशन पारित गरी गराएको मिति २०७३/०३/२९ को रजिष्ट्रेशन नं. ९५९५ 'क' को लिखतमा आफूहरूले लाभ लिने मनसायले नै नापी सर्वेक्षक अमरकुमार झासँग मिलेमतो गरी आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकारबाट निर्धारण गरिएका शर्तको पालना नगरी निजहरू कुन्तादेवी श्रेष्ठ र राजुप्रसाद कंडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसुर गरेको देखिंदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालतमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता